# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

**प.सं. :** ०७७/०७८
**च.नं :** १८०५

(१ नं. प्रदेश), नेपाल

**मिति :** २०७७।१२।२२

**विषय :** <u>तालीमका विषय/क्षेत्रबारे जानकारी सम्बन्धमा ।</u>

**श्री सबै (१२ वटै) वडा कार्यालयहरु,**
**सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा ।**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.नं. ३११, मिति २०७७।१२।१९ को पत्रानुसार आ.ब. २०७७।०७८ मा स्थानीय तहका रोजगार सेवा केन्द्रमा सूचिकृत भै रोजगारीमा खटिने अति विपन्न वर्गका व्यक्तिको रोजगारयोग्य क्षमता विकासका लागि १० दिनको जीवन उपयोगी सीप र ४० दिनको कार्यस्थलमा आधारित कूल ५० दिनको सीपमूलक तालीम सञ्चालन गर्ने कार्यक्रम रहेकाले स्थानीय तहहरुका लागि आवश्यक तालीमका विषय/क्षेत्रबारे जानकारी गराउन पत्राचार भएकाले उक्त पत्र समेत संलग्न राखी पठाइएको छ । थप व्यहोरा पत्रबाटै अवगत गरी मिति २०७७।१२।२७ गतेभित्र पत्रमा तोकिएको ढाँचामा विवरण उपलब्ध गराइ दिनुहुन अनुरोध छ ।

..........................................
पोखरेल
प्रशासकीय अधिकृत

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. ०७७।७८
च.नं. /pmep/ ३९९

मितिः २०७७/१२/१९

श्री गाँउ कार्यपालिका तथा नगर कार्यपालिकाको कार्यालय
गाँउपालिका र नगरपालिका, सबै।

मार्फतः श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार।

विषयः ५० दिने सीपमूलक तालिमका विषय/क्षेत्रहरु बारे जानकारी दिने सम्बन्धमा।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहका रोजगार सेवा केन्द्रमा सूचिकृत भै रोजगारीमा खटिने अति विपन्न वर्गका सूचीकृत लाभग्राहीको रोजगारयोग्य क्षमता विकासका लागि १० दिनको जीवन उपयोगी सीप र ४० दिनको कार्यस्थलमा आधारित (On the job) कूल ५० दिनको सीपमूलक तालिम प्रदान गरिने स्वीकृत कार्यक्रम रहेको र यस सम्बन्धमा स्थानीय तहको साझेदारी समेत रहने हुँदा यस सम्बन्धमा आ-आफ्ना स्थानीय तहमा सार्वजनिक निर्माण वा सामुदायिक आयोजनामा सहयोगी हुने प्रकृतिका र लक्षित वर्गले आगामी दिनमा रोजगार वा स्वरोजगार वन्न उपयोग गर्न सक्ने दीगो प्रकृतिका सीपमूलक तालिमका विषय क्षेत्रहरुका आवश्यकता र सम्भाव्यताको जानकारी देहायका ढाँचामा २०७७ चैत्र मसान्त सम्म training.pmep@gmail.com मा ईमेल गरी उपलब्ध गराई दिनुहुन निर्णयानुसार सादर अनुरोध गर्दछु ।

| प्रदेशः | जिल्लाः | | स्थानीय तहः |
|---|---|---|---|
| क्र.सं. | सीपमूलक तालिमका आवश्यक/सम्भावित विषयहरुः | तालिम लिने सम्भावित संख्या | तालिम सम्बन्धमा कुनै सुझाव भएमा |
| | जस्तैः- सिकर्मी | | |
| | डकर्मी, आदि। | | |
| | | | |
| | | | |

श्री लक्ष्मणजी

(किसान न्यौपाने)
शाखा अधिकृत